नेपाल सरकार

प्रदेश प्रमुख
सुदूरपश्चिम प्रदेश
धनगढी, कैलाली

### महाशिवरात्री पर्व, २०८२ को शुभकामना सन्देश

महाशिवरात्री पर्व, २०८२ को पावन अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरूमा सुख, शान्ति तथा समृद्धिको लागि हार्दिक शुभकामना व्यक्त गर्दछु।

महाशिवरात्री हिन्दु धर्मावलम्बीहरूको महत्वपूर्ण पर्व हो। भगवान शिवको उत्पत्ति भएको रातको रुपमा नामकरण भएको यो पर्व कालरात्रि, मोहरात्रि, सुखरात्री र शिवरात्री नामक चार प्रमुख रात्री मध्ये एक पवित्र पर्वको रुपमा विभिन्न पुराणमा वर्णित छ। पौराणिक मान्यता अनुसार यस दिनलाई भगवान शिव र देवी पार्वतीको विवाह उत्सवको रूपमा मनाईनुका साथै यसै दिनमा भगवान शिवले सम्पूर्ण ब्रह्माण्डको रक्षाका लागि समुन्द्र मन्थनबाट निस्केको कालकूट विष पिएको मानिन्छ। यसै दिन भगवान शिव ज्योतिर्लिंगको रूपमा प्रकट भई संसारमा ज्ञानको प्रकाश फैलाएको विश्वास गरिन्छ। महाशिवरात्रीमा श्रद्धालुहरू उपवाससहित भगवान शिवको आराधना गर्दै पशुपतिनाथ क्षेत्र लगायत देश विदेशका विभिन्न शिव मन्दिरहरूमा गई पुजाआजा गर्दछन्। व्रतालु अविवाहित युवतीहरू शिवको प्रार्थना गरी असल पति प्राप्तिको कामना गर्दछन् भने विवाहित महिलाहरू आफ्ना पति र परिवारको सुख शान्तिको कामना गर्दछन्।

अन्त्यमा, महाशिवरात्री पर्व, २०८२ ले हामी सबैको जीवनमा आध्यात्मिक जागरणसहित नयाँ उर्जा, शान्ति र समृद्धि ल्याउन सकोस् भन्ने कामना सहित पुन: शुभकामना व्यक्त गर्दछु।

धन्यवाद!

२०८२ फागुन ३ गते, आइतबार।

नजिर मियाँ
प्रदेश प्रमुख

नजिर मियाँ
प्रदेश प्रमुख